भिमाद नगरपालिका
BHIMAD MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
भिमाद, तनहुँ
Bhimad, Tanahun
२०७३/2073

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal


प.सं.: ०८१/८२
च.नं.

## जग्गा भाडा लिने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०७

प्रस्तुत विषयमा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत डेरी सहितको साइलेज उद्योग संचालन गर्नको लागि उपयुक्त जमिन भाडामा लिनु पर्ने भएकोले ईच्छुक जग्गाधनीहरुले प्रति रोपनीको दररेट उल्लेख गरी तपशिल बमोजिमको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा निवदेन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१.भाडा लिने जग्गाको सिमाना (क्षेत्र)**

तपशिल बमोजिमका क्षेत्र भित्रका जग्गाधनीले निवेदन दिन सक्नेछन ।

**पूर्वतर्फ**-अल्छीचौतारीसम्म, भिमाद-६
**पश्चिमतर्फ**-जिदीखोला लहरेनीसम्म, भिमाद-६
**उत्तरतर्फ**-पटनेरी, पुरानोबजारसम्म, भिमाद-७
**दक्षिणतर्फ**- जलौदी रिङ्गरोड, जिरो कि.मी., भिमाद-३

**२.शर्तहरु**

क.भाडामा दिने जग्गा सडकले छोएको हुनुपर्ने,
ख.जग्गा भाडा कम्तिमा १० वर्षसम्म सम्झौता गर्नुपर्नेछ,
ग.एकै स्थानमा दुई वा दुई भन्दा बढि व्यक्तिको जग्गा भएमा सामुहिक निवेदन दिनुपर्ने,
घ.जग्गा कम्तिमा १ रोपनी हुनुपर्ने।

**३.आवश्यक कागजात**

क.जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी,
ख.चालु आ.व.को मालपोत कर तिरेको रसिदको प्रतिलिपी,
ग.जग्गाधनीको नागरिकताको प्रतिलिपी,
घ.कित्ता नं.स्पष्ट भएको नापीको प्रमाणित नापी नक्सा,
ङ.जग्गा भाडा (प्रति रोपनी) सहितको प्रस्ताव र प्रतिवद्धता,
नोटः न्यूनतम भाडा दर र उपयुक्त जग्गाका आवेदकको प्रस्ताव स्वीकृत गरिनेछ ।

थप जानकारीका लागि भिमाद नगरपालिकाको कार्यालय, पशु सेवा शाखामा सम्पर्क गर्नु अनुरोध छ ।

०८१/१०/६

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत